प्रथम संशोधन मितिः २०७८।०५।२५

प्रस्तावनाः

नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड खरिद विनियमावली, २०७७ लाई सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली,२०६४ अनुकुल बनाउन संशोधन गर्न वाञ्छनीय भएकोले नलगाड हाइड्रोपावर कम्पनी लिमिटेडको नियमावली, २०७४ को नियम ३३ ले दिएको अधिकार प्रयोग गरी कम्पनीको सञ्चालक समितिले देहायको खरिद विनियमावली बनाएको छ।

(१)<u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यी विनियमावलीहरुको नाम "नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड खरिद (पहिलो संशोधन)विनियमावली, २०७८" रहेको छ ।

(२) यो विनियम तुरुन्त लागू हुनेछ ।

(२) विनियम २ को खण्ड (ल) को सट्टा देहायको खण्ड (ल) राखिएको छ :-

"(ल)सार्वजनिक निकाय भन्नाले ऐनको दफा २ बमोजिम देहायको निकाय सम्झनु पर्छ ।

(अ) संवैधानिकअङ्गवानिकाय, अदालत, नेपालसरकारकावा प्रदेश सरकारका मन्त्रालय, सचिवालय, आयोग, विभागवासोअन्तर्गतकाअन्यजुनसुकै सरकारी निकाय वा कार्यालय,

(आ) नेपालसरकारकोपूर्णवाअधिकांशस्वामित्ववानियन्त्रणमारहेकोसंस्थान, कम्पनी, बैंकवासमितिवाप्रचलितकानूनबमोजिमसार्वजनिकस्तरमास्थापितवानेपालसरकार वा प्रदेश सरकारद्वारागठितआयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद्र यस्तैप्रकृतिकाअन्यसंगठितसंस्था,

(इ) नेपालसरकार वा प्रदेश सरकारद्वारासञ्चालितवानेपालसरकार वा प्रदेश सरकारकोपूर्णवा अधिकांशअनुदानप्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धानकेन्द्रर यस्तैप्रकृतिकाअन्यप्राज्ञिकवा शैक्षिकसंस्था,

(ई) स्थानीयतह,

(उ) विकाससमितिऐन, २०१३बमोजिमगठितविकाससमिति,

(ऊ) नेपाल सरकार वा प्रदेश सरकारको ऋण वा अनुदानमा सञ्चालित संस्था,

(ए) नेपाल सरकार वा प्रदेश सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य संस्था ।"

(३) विनियम (४) को सट्टा देहायको विनियम (४) राखिएको छ :-

"(४)<u>अधिकार प्राप्त अधिकारीको आदेश बिना खरिद गर्न नहुने</u>ः(१) अधिकार प्राप्त अधिकारीको लिखित आदेश बिना कसैले कुनै खरिद गर्न वा गराउन हुँदैन ।

(२) अन्तर्राष्ट्रिय स्तरको बोलपत्र मार्फत खरिद गर्दा सञ्चालक समितिलाई जानकारी गराई प्रबन्ध सञ्चालकले गर्नु गराउनु पर्नेछ ।"

(४) विनियम १८ को उपविनियम (३)मा रहेको सरदर भन्ने शब्द झिकिएको छ ।

(५) विनियम २१ को उपविनियम (१) को सट्टा देहायको उपविनियम (१) राखिएको छ :-

"(१) विनियम १७, १८ र २० बमोजिम तयार भएको लागत अनुमान सम्बन्धमा देहाय बमोजिम हुनेछः-

(क) दश करोड रुपैयाँसम्मको प्रबन्ध सञ्चालकबाट स्वीकृत हुनु पर्नेछ ।

(ख) दश करोड रुपैयाँ भन्दा बढी जतिसुकै रकमको भए पनि सञ्चालक समितिलाई जानकारी गराई प्रबन्ध सञ्चालकबाट स्वीकृत हुनु पर्नेछ ।

(१क)विनियम १९ बमोजिम तयार भएको लागत अनुमान सम्बन्धमा देहाय बमोजिम हुनेछः-

(क) पचास लाख रुपैयाँसम्मको प्रबन्ध सञ्चालकबाट स्वीकृत हुनु पर्नेछ ।

(ख)पचास लाख रुपैयाँ भन्दा बढी जतिसुकै रकमको भए पनि सञ्चालक समितिलाई जानकारी गराई प्रबन्ध सञ्चालकबाट हुनु पर्नेछ ।"

(६) विनियम ३२ को उपविनियम (५) पछि देहायको उपविनियम (६) थपिएको छ :-

"(६)समितिलाई जानकारी गराएर शुरु गरिनेखरिद प्रक्रियाको योग्यताको आधारहरुसञ्चालक समितिलाई जानकारी गराई प्रबन्ध सञ्चालकले स्वीकृत गर्नुपर्नेछ ।"

(७) विनियम ३९ को उपविनियम (१) को सट्टा देहायको उपविनियम (१)राखिएको छ :-

"(१)कम्पनीले बीस लाख रुपैयाँ भन्दाबढी लागत अनुमान भएको मालसामान, अन्यसेवा तथा निर्माण कार्यको खरिद खुल्लाबोलपत्रको माध्यमबाट विद्युतीय खरिदप्रणालीको प्रयोग गरी गर्नुपर्नेछ ।"

(८) विनियम ८२ को उपविनियम (१) पछि देहायको वाक्यांश थप गरिएको छ :-

"तर सञ्चालक समितिलाई जानकारी गराएरशुरु गरिने खरिद कारबाहि रद्द गर्नु परेमा सञ्चालक समितिलाई जानकारी गराई प्रबन्ध सञ्चालकले रद्द गर्न सक्नेछ ।"

(९) विनियम ९१ को उपविनियम (७)झिकिएको छ ।

(१०) विनियम ९३ को उपविनियम (३)मा रहेको "तीस लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "दश लाख रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

(११) विनियम ९३ को उपविनियम (४)झिकिएको छ ।

(१२) विनियम ९७ को उपविनियम (१)मा रहेको "पाँच लाख रुपैयाँभन्दा बढी तीस लाख रुपैयाँसम्मको " भन्ने शब्दहरुको सट्टा "पाँच लाख रुपैयाँभन्दा बढी र बीस लाख रुपैयाँभन्दा कम रकमको" भन्ने शब्दहरु राखिएका छन् ।

(१३) विनियम ९८ को उपविनियम (१)मा "तीस लाख रुपैयाँभन्दा बढी" भन्ने शब्दहरुको सट्टा "बीस लाख रुपैयाँभन्दा बढी" भन्ने शब्दहरु राखिएका छन् ।

(१४) विनियम १०२ को उपविनियम (७) को सट्टा देहायको उपविनियम (७)राखिएको छ :-

"(७)प्रस्तावसम्बन्धी कागजातमा परामर्शदाताको छनौट गर्न अङ्कभार उल्लेख गर्दा कम्पनीले देहायबमोजिमको अङ्कको सीमा ननाघ्ने गरी कामको प्रकृति र जटिलताअनुसार उपयुक्त अङ्क उल्लेख गर्नुपर्नेछः-

| | | |
|---|---|---|
| क | प्रस्तावदाताको खासकामको अनुभव | कूल अङ्कको पच्चीस प्रतिशतसम्म |
| ख | कार्यसम्पादन तरिकार कार्यक्षेत्रगत शर्त | कूल अङ्कको बीस देखि पैंतिस प्रतिशतसम्म |
| ग | मुख्य–मुख्यजनशक्तिको योग्यतार अनुभव | कूल अङ्कको तीस देखि साठी प्रतिशतसम्म |
| घ | प्रविधि हस्तान्तरणवा तालिम | कूल अङ्कको दश प्रतिशतसम्म |
| ङ | स्वदेशीजनशक्तिको सहभागिता | कूल अङ्कको दश प्रतिशतसम्म |
| | जम्मा | कूल एक सय अङ्क |

।"

(१५) विनियम ११४ को उपविनियम (१) को सट्टा देहायको उपविनियम (१) राखिएको छ :-

"(१) कम्पनीलाई उपयोगी र आवश्यक पर्ने तालिम, गोष्ठी, सेमिनार, स्वदेशी विज्ञ परामर्शदाता र सामाजिक उत्तरदायित्व जस्ता विषयमा सेवा लिनु परेमा पाँच लाख रुपैयाँसम्मको परामर्श सेवामा प्रबन्ध सञ्चालकले र सो भन्दा माथि बीस लाख लाख रुपैयाँसम्म सञ्चालक समितिलाई जानकारी गराएर प्रबन्ध सञ्चालकले सोझै वार्ताबाट खरिद गर्न सकिनेछ ।"

(१६) विनियम ११६ को उपविनियम (१) को सट्टा देहायको उपविनियम(१) राखिएको छ :-

"(१) कम्पनीले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार पाँच लाख रुपैयाँ भन्दा बढी बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान, अन्य सेवा तथा निर्माण कार्य विद्युतीय खरिद प्रणालीको माध्यमबाट सिलबन्दी दरभाउपत्र आवहान गरी खरिद गर्न सक्नेछ ।"

(१७) विनियम ११७ को उपविनियम (१) को खण्ड (क) मा रहेको "दश लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "पाँच लाख रुपैयाँ"भन्ने राखिएका छन् ।

(१८) विनियम १२० को उपविनियम (८) को सट्टा देहायको उपविनियम(८) राखिएको छ :-

"(८) कम्पनीले जग्गा प्राप्ती ऐन, २०३४ अनुसार प्रक्रिया अपनाई कम्पनीको लागि घरजग्गा खरिद गर्न सक्नेछ।"

(१९) विनियम १२१ को उपविनियम (१) को खण्ड (ख) झिकिएको छ ।

(२०) विनियम १२१ को उपविनियम (३) मा रहेको "दश लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "पाँच लाख रुपैयाँ"भन्ने शब्दहरु राखिएका छन् ।

(२१) विनियम १४० को उपविनियम (३) पछिको स्पष्टिकरणमा रहेको "लागत" भन्ने शब्दको सट्टा "सम्झौता" भन्ने शब्द राखिएको छ ।

(२२) विनियम १४१ को उपविनियम (४) को सट्टा देहायको उपविनियम (४) राखिएको छ :-

"(४) खरिद सम्झौतामा व्यवस्था भएअनुसार मूल्य समायोजन गर्नुपर्ने भएमा शुरू सम्झौता मूल्यको पच्चीस प्रतिशतसम्म प्रबन्धसञ्चालकबाट हुनेछ ।

स्पष्टिकरण : थप गरिएको म्यादमा सम्पन्न भएका कार्यको हकमा सम्झौतामा अवधिको अन्तिम दिनमा कायम भएको मूल्य सूचक (प्राइस इन्डेक्स) लाई आधार लिईनेछ ।"

(२३) विनियम १४२ को उपविनियम (३) को सट्टा देहायको उपविनियम(३) राखिएको छ :-

"(३) उपविनियम (२) बमोजिम जाँचबुझ गर्दा निवेदनमा उल्लेखित कारण मनासिब देखिई म्याद थप गर्नु परेमा कम्पनीलाई पर्न जाने असर समेतलाई विचार गर्नुपर्नेछ ।यसरी म्याद थप गर्दा सम्झौता अवधिको पच्चिस प्रतिशतसम्म प्रबन्ध सञ्चालकले र सो भन्दा बढि म्याद आवश्यकता तथा औचित्यताको आधारमा सञ्चालक समितिबाट थप गर्न सकिनेछ ।"

(२४) विनियम १६३ को सट्टा देहायको विनियम १६३ राखिएको छ :-

"(१६३)<u>मूल्याङ्कन समिति</u>: (१)कम्पनीले सिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमबाट आवश्यक मालसामान,निर्माण कार्य, परामर्श सेवा तथा अन्य सेवा आदि खरिद गर्दा यस विनियमावलीबमोजिम पूर्वयोग्यताको प्रस्ताव,बोलपत्र, परामर्श सेवाको आशयपत्र वा प्रस्ताव वा सिलबन्दी दरभाउपत्र परिक्षण र मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्न मूल्याङ्कन समितिको गठन देहाय बमोजिम हुनेछ:-

(क) कम्पनीको प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत (सम्भव भएसम्म प्राविधिककर्मचारी)- अध्यक्ष

(ख)कम्पनीको आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य

(ग) विषयसँग सम्बन्धित प्राविधिक विशेषज्ञ (सम्भव भएसम्म अधिकृतस्तर)– सदस्य

(घ)कम्पनीको कानून अधिकृतरहेको भए सो सार्वजनिक निकायको कानून अधिकृत – सदस्य

(२) खरिद एकाईको प्रमुखले उपविनियम (१) बमोजिमको समितिको सचिवको रुपमा काम गर्नेछ ।

(३) उपविनियम (१) बमोजिमको मूल्याङ्कन समितिले सार्वजनिक निकायका प्रमुखको स्वीकृति लिई सरकारी वा गैरसरकारी क्षेत्रका विषय विशेषज्ञलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उपविनियम (१) बमोजिमको समितिलाई परामर्शदाताको सहयोग आवश्यक भएमा स्वीकृत कार्यक्रम र बजेटको अधिनमा रही सार्वजनिक निकायले ऐन र यस विनियमावलीको कार्यविधि अपनाई परामर्शदाता नियुक्ति गरी दिन सक्नेछ ।

(५) उपविनियम (१) बमोजिमको समितिले दरभाउपत्र, बोलपत्र वा प्रस्ताव मूल्याङ्कन गर्ने काममा आफूलाई सहयोग गर्न उपसमिति गठन गर्न सक्नेछ ।

(६) मूल्याङ्कन समितिको सचिवले समितिको बैठकको माइन्युट तयार गरी राख्नु पर्नेछ र समितिमा छलफल भएका सम्पूर्ण विषयको फाईल खडा गरी राख्नु पर्नेछ ।

(७) मूल्याङ्कन समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ ।

(८) मूल्याङ्कन समितिले यस नियममा उल्लेख भए बमोजिम सार्वजिनक निकायको प्रमुख समक्ष मूल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्नेछ ।"

(२५) विनियम (१७०) को सट्टा देहायको विनियम (१७०) राखिएको छ :-

"(१७०)व्याख्या एवं बाधा अड्काउ फुकाउने अधिकारः यस विनियमावलीमा उल्लिखित व्यवस्था यसै विनियमावली बमोजिम र अन्यको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।"

(२६) विनियम १७१ झिकिएको छ ।